# राष्ट्रिय ज्ञान पार्क (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६

**प्रस्तावनाः-** नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना प्रविधि उद्योगको गन्तव्यको रुपमा विकास, विस्तार तथा प्रवर्द्धन गरी ज्ञानमा आधारित अर्थतन्त्रको विकासको लागि सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय, प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्न र आर्थिक वृद्धिमा योगदान पुर्याउनका लागि राष्ट्रिय ज्ञान पार्कलाई प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक भएकोले मन्त्रालयले यो निर्देशिका वनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "राष्ट्रिय ज्ञान पार्क (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"मन्त्रालय"** भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(ख) **"विभाग"** भन्नाले सूचना प्रविधि विभाग सम्झनुपर्छ।

(ग) **"पार्क"** भन्नाले राष्ट्रिय ज्ञान पार्क सम्झनुपर्छ।

(घ) **"समिति"** भन्नाले दफा ४ बमोजिम गठित राष्ट्रिय ज्ञान पार्क सञ्चालक समिति सम्झनुपर्छ।

(ङ) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँदछ।

(च) **"पट्टा"** भन्नाले पार्कमा रहेको कुनै भवन वा कार्यस्थल वा पार्कको जग्गा भाडामा लगाउन गरिएको सम्झौता सम्झनुपर्छ।

(छ) **"पट्टा बाहक"** भन्नाले पट्टा लिई कार्य गर्ने अनुमति प्राप्त कम्पनी वा फर्मलाई सम्झनुपर्छ।

(ज) **"ईन्कुवेशन केन्द्र"** भन्नाले सूचना प्रविधि उद्योग वा व्यवसायलाई प्रर्वद्धन गर्न ईन्छुक नवोदित जनशक्तिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा प्राविधिक सेवा र सुविधाहरु उपलब्ध गराउने विजनेश ईन्कुवेशन केन्द्रलाई सम्झनु पर्छ ।

३. **पार्कको स्थापना र सञ्चालन** : (१) ज्ञान एवं सूचना प्रविधिमा आधारित सेवा प्रदायक कम्पनीहरुको विकास र प्रवर्द्धनद्वारा रोजगारी सृजना गर्दै सेवा विस्तार र निर्यात प्रवर्द्धन गर्न पार्कको स्थापना हुनेछ ।

(२) पार्कको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. **समिति सम्बन्धी व्यवस्थाः** (१) पार्कलाई सुचारू रुपले सञ्चालन गर्न नेपाल सरकारले देहायको पार्क संचालक समिति गठन गर्नेछः-

(क) सचिव, सञ्चाथर तथा सूचना प्रविधि मन्त्रालय **अध्यक्ष**
(ख) सह-सचिव, अर्थ मन्त्रालय **सदस्य**
(ग) सह-सचिव, उद्योग मन्त्रालय (विशेष आर्थिक क्षेत्र हेर्ने) **सदस्य**
(घ) सह-सचिव, सञ्चागर तथा सूचना प्रविधि मन्त्रालय **सदस्य**
(ङ) कार्यकारी निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र **सदस्य**
(च) सूचना प्रविधिको क्षेत्रमा उल्लेख्य योगदान पुर्याएका व्यक्तित्व मध्येबाट मन्त्रालयले छनोट गरेको विज्ञ प्रतिनिधि एक जना **सदस्य**
(छ) महा-निर्देशक, सूचना प्रविधि विभाग **सदस्य-सचिव**

(२) उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(३) विभागले सञ्चालक समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पार्कको उद्देश्य प्राप्तिका लागि आवश्यक नीति तथा योजना निर्माण गर्ने,
(ख) पार्क संचालनका लागि आवश्यक कार्ययोजना तयार गरी लागू गर्ने,
(ग) पार्क संचालनको लागी वार्षिक कार्यक्रम स्वीकृत गर्ने,
(घ) पार्कको अन्तर्राष्ट्रिय अवधारणा अनुरुप नविनतम् र नवप्रवर्तनात्मक कार्यक्रम संचालन गर्न आवश्यक पहल गर्ने,
(ङ) पार्कको आधुनिकीकरण, विकास तथा विस्तार सम्वन्धी कार्यक्रमहरु गर्ने, गराउने,
(च) पार्कको कार्यस्थल संचालन सम्बन्धी मापदण्ड र प्रक्रिया तोक्ने,
(छ) पार्क संचालनको लागी आवश्यक पुर्वाधारहरु निर्माण गर्ने, गराउने,
(ज) पार्कको भौतिक संरचना र यसले प्रदान गर्ने सुविधाहरुको स्तरोन्नति र आवश्यकता अनुरुप मर्मत संभार गर्ने, गराउने,
(झ) पार्क क्षेत्रमा स्थापित फर्म /कम्पनीहरुले पाउने सेवा, सुविधा वा कर छुटका लागि मापदण्ड तयार पारी सम्वन्धित निकायमा सिफारिस गर्ने,
(ञ) राष्ट्रिय तथा अन्तराष्ट्रिय सघं संस्था एवं लगानीकर्ताहरु सँग सञ्जालिकरण गर्ने,
(ट) पार्क क्षेत्रलाई विशेष आर्थिक क्षेत्रको रुपमा विकास गर्न पहल गर्ने,

(ठ) पार्कमा उपलव्ध पूर्वाधार तथा सुविधाको बारेमा सम्बन्धित उद्योगी व्यवसायीहरुलाई जानकारी गराई पार्कमा व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने, गराउने,

(ड) पार्कमा अन्तर्राष्ट्रिय लगानी भित्र्याउनका लागि आवश्यक नीति तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ढ) व्यवसायीलाई पार्कवाट सहजरुपमा उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण तयार गर्ने, गराउने,

(ण) पार्कवाट विकसित सूचना प्रविधिका विभिन्न उत्पादनहरुको वजारीकरण गर्ने, गराउने,

(त) साना तथा मझौला एवं सुरुवाति (start-up) उद्योगहरुको लागि आवश्यक लगानी, जनशक्ति एवं उत्पादन प्रवर्धनका लागी उपर्युक्त वातावरण उपलब्ध गर्ने, गराउने,

(थ) आवश्यकता बमोजिम विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग समन्वय र सहकार्य गर्ने, गराउने,

(द) पार्क संचालन सम्वन्धी वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने।

६. **<u>समितिको बैठकसम्वन्धी कार्यविधिः</u>** समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ख) समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(ग) समितिको कूल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा वढि सदस्यको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(ङ) समितिले आवश्यकता अनुसार विशेषज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(च) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(छ) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

७. **पार्कमा सञ्चालन गर्न सकिने क्रियाकलापहरु :** (१) पार्कमा देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउने सूचना प्रविधि वा सो सम्बन्धी निर्माण एवं सेवा प्रदायक उद्योगहरु स्थापना गरी बस्तु उत्पादन एवं सेवा प्रदान,

(ख) उत्पादनको नविनता एवं विकासका लागि आवश्यक अनुसन्धान एवं तालिमका क्रियाकलाप,

(ग) सूचना प्रविधि सिष्टम डिजाइन, विकास र सिष्टमहरुको एकीकरण,

(घ) कलसेन्टर /विजनेश प्रोसेस आउट सोर्सिङ,

(ङ) ब्लग चेन, बीग डाटा, आई.ओ.टि., ए.आई जस्ता नविनतम कार्यहरु,

(च) सूचना प्रविधिमा आधारित सेवाहरु,

(छ) प्रशिक्षण/विद्युतीय प्रशिक्षण,

(ज) सफ्टवेयर विशिष्टिकरण,

(झ) जनशक्ति विकास सम्बन्धी कार्यहरु,

(ञ) ईन्कुवेशन केन्द्र सञ्चालन,

(ट) प्राविधिक सहयोग केन्द्र,

(ठ) डाटा-केन्द्र, क्लाउड कम्प्युटेसन, डाटावेयर हाउजिङ तथा डाटा व्याकअप र रिकभरीको व्यवस्थापन,

(ड) हार्डवेयर फेब्रिकेशन,

(ढ) उद्यमशिलता विकासका क्रियाकलापहरु,

(ण) समितिले तोकेका सूचना प्रविधिको प्रयोग गरी ज्ञान अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउने अन्य क्रियाकलापहरु ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलापहरु संचालन गर्न समितिले निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमका क्रियाकलापहरु संचालन गर्न सूचना प्रविधि विभागलाई जिम्मेवारी दिनेछ ।

८. **पट्टा सम्वन्धी व्यवस्थाः** (१) दफा ७ बमोजिमका क्रियाकलाप संचालन गर्न चाहने कम्पनी वा फर्मलाई समितिको सिफारिसमा विभागले कार्यस्थल पट्टामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यस्थल पट्टामा लिन बोलपत्रमा भाग लिँदा बोलपत्रदाताले धरौटी रकम वा बैक ग्यारेन्टी समेत साथै राखी पेश गरेको हुनुपर्नेछ ।

९. **प्रस्ताव आह्वान गर्ने:** (१) दफा ७ र दफा ८ बमोजिम कार्यस्थल पट्टामा दिनका लागि समितिको निर्णयानुसार दफा १० बमोजिमको योग्यता पुगेका कम्पनी वा फर्महरुलाई तीस दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम प्रस्ताव माग गरिएकोमा सो प्रस्ताव प्राप्त भए पश्चात विभागले प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी उपयुक्त प्रस्ताव छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्तावहरु माग गर्दा पार्कको क्षमता भन्दा बढी प्रस्ताव परेको खण्डमा कम्पनी वा फर्म छनौट गर्न देहायको आधारमा छनौट गर्नु पर्नेछः-

(क) पार्कको उद्धेश्य प्राप्ति गर्ने र सवै भन्दा बढी दर कवोल गर्ने ।

(ख) सबै भन्दा वढी रोजगारी सृजना गर्ने ।

(ग) वस्तु वा सेवा निर्यात गरी राज्यलाई बढी लाभ पुर्याउने ।

(४) उपदफा (३) बमोजिम छनौट भएको प्रस्तावदातासँग विभागले सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम आवेदन माग गर्दा कुनै पनि आवेदन नपरेको खण्डमा वा पार्कको क्षमता भन्दा कम माग भएमा बाँकी रहेको कार्यस्थलका लागि इच्छुक कम्पनी वा फर्मसँग सोझै वार्ता गरी तोकिएको दररेटमा नघटने गरी पट्टा दिन सक्नेछ ।

**१०. <u>पट्टा बाहकको योग्यता:</u>** एकल कार्यस्थल पट्टामा लिने स्वदेशी वा विदेशी कम्पनी वा फर्मको योग्यता देहाय बमोजिम हुनेछ :-

क) नेपालमा प्रचलित कानून बमोजिम दर्ता भएको वा नेपालभित्र कारोवार गर्न स्वीकृति प्राप्त गरेको स्वदेशी वा विदेशी कम्पनी वा फर्म ।

ख) मूल्य अभिवृद्धि करमा दर्ता भई अधिल्लो आथिक बर्ष सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको ।

ग) कालो सूचीमा नपरेको।

घ) दामासाहीमा नपरेको।

**११. <u>कार्यस्थल रहनेः</u>** ज्ञान पार्कमा देहाय बमोजिमका कार्यस्थलहरु रहनेछन् :-

(१) **साझा कार्यस्थल**: (क) ज्ञानमा आधारित अर्थतन्त्रको विकासका लागि सूचना प्रविधि मैत्री सुविधायुक्त मितव्ययी र कम लगानीमा उद्योग वा व्यवसाय सञ्चालन गर्नका

लागि प्रति कोठा वा प्रति डेक्सको आधारमा सःशुल्क साझा कार्यस्थल उपलब्ध गराउन सकिनेछ।

(ख) खण्ड (क) बमोजिमको साझा कार्यस्थलमा सोधपुछ , दर्ता र चलानी, लेखा, कर व्यवस्थापन लगायतका व्यवस्थापकिय तथा कानुनी सेवाहरु एकीकृत रुपमा सशुल्क उपलब्ध गराउन सकिनेछ ।

(ग) खण्ड (क) बमोजिमको साझा कार्यस्थलको लागि सेमिनार , वैठक, कार्याशाला वा अन्य क्रियाकलापहरु सञ्चालन गर्न सभाहल वा बैठक कक्ष आवश्यक परेमा सशुल्क उपलब्ध गराउन सकिनेछ ।

(२) **एकल कार्यस्थल**: कुनै कम्पनी वा फर्मले एक वा एक भन्दा बढी व्यवसायिक इकाई पट्टामा लिई एकल कार्यस्थल सञ्चालन गर्न सक्नेछन् ।

**१२. पट्टाको अवधिः** (१) पट्टामार्फत लिइएको साझा कार्यस्थलको पट्टा अवधि शुरुमा बढीमा दश बर्षको हुनेछ र आवश्यक्ता र औचित्यका आधारमा सो अवधि बढाउन सकिनेछ।

(२) पट्टा मार्फत लिइएको एकल कार्यस्थलको पट्टा अवधि शुरुमा बढीमा बीस बर्षको हुनेछ र आवश्यक्ता र औचित्यका आधारमा सो अवधि बढाउन सकिनेछ।

**१३. पट्टा बाहकले तयारी अवधि पाउनेः** (१) पट्टामा लिइएको एकल एवं साझा कार्यस्थलमा तयारीको लागि सम्झौता भएको मितिले तीन महिना सम्मको तयारी अवधि पाउनेछन् ।

(२) तयारी अवधिमा आफुले उपभोग गरेको पानी , विजुली, टेलिफोन र इन्टरनेटको महशुलको भुक्तानी बाहेक पट्टा वापतको भाडा भूक्तानी गर्नुपर्ने छैन।

(३) उपदफा (१) बमोजिमको अवधि समाप्त भएको मितिले पट्टामा लिइएको एकल एवं साझा कार्यस्थल तीन महिना भित्र संचालनमा नल्याए पट्टावाहकसँगको सम्झौता खारेज गर्न सकिनेछ।

**१४. कार्यस्थलमा परिवर्तन र स्तरोन्नति :**(१) विभागको सहमतिमा पट्टावाहक कम्पनी वा फर्महरुले प्राप्त कार्यस्थलको भित्री बनावट परिवर्तन गर्न र अस्थायी किसिमका संरचना तयार गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम कार्यस्थलमा फर्म वा कम्पनीकै खर्चमा स्थापना गरिएका संरचना वा सम्पत्तिमा निज फर्म वा कम्पनीकै स्वामित्व हुनेछ। पट्टा अवधि भर वा पछि त्यस्ता संरचना, सम्पत्ति, सामग्री राख्दा वा लैजादा कार्यस्थलमा कुनै प्रकारको भौतिक क्षति भएमा सो को जिम्मेवार सम्वन्धित फर्मको हुनेछ र यस प्रकारले हुने क्षतिपूर्ति सम्वन्धित पट्टाबाहकबाट नियमानुसार असुल उपर गर्नुपर्नेछ ।

(२) कार्यस्थलमा पट्टा बमोजिम संचालित फर्म वा कम्पनीले कार्यस्थल छाड्दा आफ्नो सम्पूर्ण सर-सामान तथा औजारहरु साथै लिई जानुपर्नेछ ।

**१५. कार्यस्थल हस्तान्तरण नहुने** (१) पट्टाबहाक कम्पनी वा फर्मले आफ्नो कार्यस्थल आफुले मात्र जुन प्रयोजनको लागि लिएको हो सोही प्रयोजनमा प्रयोग गर्नुपर्नेछ ।

(२) पट्टाबाहकले उपदफा (१) विपरित काम गरेमा त्यस्तो पट्टावाहकसँगको सम्झौता खारेज गर्न सकिनेछ।

**१६. दररेट कायम गर्ने:** पार्कमा रहेको साझा एवं एकल कार्यस्थलको दररेट प्रचलित कानुन वमोजिम समितिले निर्धारण गरे वमोजिम हुनेछ।

**१७. पट्टा बाहकको दायित्व** पट्टा बाहकले पालना गर्नपर्ने दायित्वहरु देहाय बमोजिम हुनेछः-

(क) पट्टा बाहकले आफुले काम शुरु गरेको जानकारी लिखित रुपमा समितिलाई गराउनु पर्नेछ ।

(ख) पट्टा बाहकले व्यवसाय शुरु गरेको मिति देखि पट्टा वापतको रकम भुक्तानी गर्नुपर्नेछ र पट्टा वापतको रकम महिना भुक्तान भएको मितिले १५ दिन भित्र गरिसक्नु पर्नेछ ।

(ग) कार्यस्थलमा सामान्य टुटफुट र भैपरि आउने खर्चका लागि पट्टबाहकनै जिम्मेवार हुनेछन्। दैनिक प्रयोग गर्ने पानी , विजुली, टेलीफोन र इन्टरनेटको महशुलको भुक्तानी गर्ने दायित्व सम्वन्धित पट्टावाहकको हुनेछ ।

(घ) पट्टामा लिइएको एकल कार्यस्थलको भौतिक संरचनाको सुरक्षा संभार लगायतका सम्पूर्ण जिम्मेवारी एवं दायित्व पट्टाबाहकको हुनेछ।

१८. **उपसमिति गठन गर्न सक्नेः** (१) यस निर्देशिका बमोजिम समितिले आफूले गर्नु पर्ने काम सूचारु रुपले गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपसमितिको काम, कर्तव्य, अधिकार कार्यविधि तथा अन्य व्यबस्था समितिले तोके बमोजिम हुनेछ।

१९. **विभागको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ बमोजिम स्थापना हुने पार्कको संचालनका लागि विभागको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम बनाई समिति समक्ष पेश गर्ने,

(ख) पार्कमा स्थापना भएका उद्योग व्यवसायको निरिक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ग) निरिक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्दा निर्देशिका विपरीत कुनै काम गरेको देखिएमा सचेत गराउने तथा आवश्यक निर्देशन दिने,

(घ) समितिले दिएको निर्देशनको पालना गर्ने,

(ङ) समितिबाट स्वीकृत बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने तथा कार्यक्रम कार्यान्वयनको प्रगति समितिलाई बुझाउने,

२०. **अधिकार प्रत्यायोजनः** समितिले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिका अध्यक्ष, सदस्य-सचिव वा यस निर्देशिका बमोजिम गठन भएको उपसमिति वा सचिवालयको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **निर्देशिकाको व्याख्याः** यस निर्देशिकाको कार्यान्वयनमा देखिएका समस्या वा द्विविधाका सम्वन्धमा व्याख्या गर्ने अधिकार समितिमा रहनेछ।